# नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN)
# आठौँ राष्ट्रिय परिषद्
## २०८१ फागुन ८ र ९ गते, बोडे, भक्तपुर

**(FIEUN, राष्ट्रिय समितिको तर्फबाट महासचिव श्री विकाश श्रेष्ठद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन)**

**आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक साथीहरु,**

**नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN)** को यस गरिमामय **आठौँ राष्ट्रिय परिषद्**मा सहभागी राष्ट्रिय समितिका अध्यक्षज्यू लगायत सम्पूर्ण पदाधिकारीजयूहरु एवं केन्द्रीय सदस्यज्यूहरु, यस संघसंग आबद्ध प्रतिष्ठानस्तर ट्रेड युनियनका अध्यक्षज्यूहरु, प्रदेश समितिका अध्यक्षज्यूहरु, प्रतिनिधि एवं पर्यवेक्षक साथीहरुको उपस्थितिका लागि हार्दिक आभार व्यक्त गर्दै स्वागत एवं अभिवादन गर्न चाहन्छु ।

मुलुकमा लोकतन्त्र, ट्रेड यूनियन अधिकारको संरक्षण र सम्बर्द्धनका साथै संघको सांगठनिक विकास र विस्तारमा आफ्नो अतुलनिय योगदान पुऱ्याउनु हुने अग्रज ट्रेड यूनियनकर्मीहरु प्रति हार्दिक आभार एवं सम्मान प्रकट गर्दछु । साथै, लोकतन्त्र र ट्रेड युनियन अधिकारको स्थापनार्थ विभिन्न घटनाक्रममा सहादत हुन पुग्नु भएका सम्पूर्ण शहिदहरु प्रति स-सम्मान श्रद्धासुमन अर्पण गर्दछु ।

यस संघ लोकतान्त्रिक मूल्य, मान्यता र आदर्श प्रति प्रतिबद्ध रही नेपालको वित्तीय क्षेत्रको व्यवसायिक सुधारका साथै यस क्षेत्रका कर्मचारीवर्गको ट्रेड यूनियन अधिकार र पेशागत हकहितको संरक्षण र सम्बर्द्धनका लागि बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई संगठित गर्दै निरन्तर कृयाशिल रहँदै आएको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

यो संघ जनआन्दोलन वि.सं. २०४६ को पृष्ठभूमिमा **"बैंकिङ्ग कर्मचारी काँग्रेस"** को नामबाट स्थापित भई समग्र वित्तीय क्षेत्रलाई समेट्नका लागि वि.सं. २०४७ चैत्र २२ मा **"नेपाल वित्तीय संस्था कर्मचारी संघ"** (FIEUN) को नाममा वित्तीय क्षेत्रको राष्ट्रियस्तरको ट्रेड यूनियनको रुपमा स्थापना हुन पुगेको हो । तत्कालीन संविधान- २०४७ ले प्रत्याभूत गरेको स्वतन्त्रतापूर्वक संगठित हुन पाउने अधिकार, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को संगठन स्वतन्त्रता र ट्रेड यूनियन अधिकार सम्बन्धि अभिसन्धिहरुले दिएको हक र अधिकारलाई उपभोग गर्दै वि.सं. २०५२ माघ १८ गते ट्रेड यूनियन ऐन, २०४९ बमोजिम श्रम विभागमा दर्ता भई संघले वैधानिक रुपमा सांगठनिक गतिविधिलाई अगाडि बढाउँदै आएको छ ।

मिति २०७९ चैत्र २२ र २३ गते काठमाण्डौमा सम्पन्न नवौं राष्ट्रिय महाधिवेशन पश्चात् संगठन विस्तार र सुमधुर औद्योगिक सम्बन्ध सहितको दिगो आर्थिक विकास लक्षित कार्यक्रम संचालन गर्दै आएको यस संघको छातामुनी ५१ वटा प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरु आबद्ध रहेका छन् भने ७२ जिल्लाहरुमा संघको जिल्ला समिति गठन भई २०,००० भन्दा बढी वित्तीय क्षेत्रका कर्मचारीहरुलाई संगठित गर्न यस संघ सफल भएको छ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

श्रम अधिकारलाई मौलिक अधिकारको रुपमा सुरक्षित गरी श्रम शक्तिको विकास गर्दै आर्थिक सम्वृद्धिको बाटोमा मुलुकलाई अगाडि बढाउन रोजगार अधिकार सहितको औद्योगिक शान्ति जरुरी हुन्छ । नेपालको वर्तमान संविधानले श्रम हक, ट्रेड युनियन हकका सम्बन्धमा केही संवैधानिक व्यवस्थाका साथै सरकारी स्वामित्वका संस्थाको कर्मचारी सेवा सर्त, विनियमको निर्माण र पदपूर्ति प्रकृयालाई लोकसेवा आयोगको कार्य क्षेत्रमा राख्ने जस्ता सकारात्मक व्यवस्था गरेता पनि केही आधारभूत विषयहरुः वैधानिक हड्तालको अधिकार, राष्ट्रिय श्रम आयोगको व्यवस्था एवं योगदानमा आधारित सामाजिक सुरक्षा तथा श्रमसंग सम्बन्धित निर्णयमा श्रमिकको पहुँच एवं प्रतिनिधित्वको सुनिश्चितताका लागि संवैधानिक सुधार र आवश्यक कानुन निर्माणका लागि अझै पहलकदमी गर्नुपर्ने जरुरी देखिएको छ ।

## वित्तीय क्षेत्रको वर्तमान अवस्था र संघको भूमिका :

नेपालमा रहेका बैंक तथा वित्तीय संस्था, बीमा तथा अन्य वित्तीय संस्थाहरु नै यस संघ संग आवद्ध रहेको हुँदा मुलुकको समग्र वित्तीय क्षेत्रसंग सम्बन्धित बन्ने ऐन कानुनले संघ र यसका आवद्ध सदस्यहरुलाई प्रत्यक्ष प्रभाव पार्ने कुरामा दुईमत हुन सक्दैन । नेपाल सरकारद्वारा शुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजनाले वित्तीय क्षेत्रका कर्मचारीहरुमा अन्योलता फैलाउनुको साथै यस क्षेत्रलाई त्रसित तुल्याएको व्यहोरा विदितै छ । यस ऐनको कारण वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरुले खाईपाई आएका सुविधाहरु कटौती हुने, सामूहिक सौदाबाजीलाई कमजोर तुल्याउने र यस क्षेत्रमा कार्यरत कर्मचारीहरुको मनोबल गिर्न गई समग्र कर्मचारीहरुको उत्पादकत्वमा नै ह्रास आई यस क्षेत्रलाई नकारात्मक प्रभाव पार्ने अवस्था सृजना भयो । तसर्थ, यस योजनालाई वित्तीय क्षेत्रमा स्वेच्छिक रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने कुरामा यस संघको स्पष्ट दृष्टिकोण रहेको व्यहोरा समेत जानकारी गराउँन चाहन्छौं ।

वर्तमान परिप्रेक्ष्यमा, वित्तीय क्षेत्रका नियामक निकायहरुले बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय संस्थाहरुको एक आपसमा मर्जर तथा प्राप्तिलाई प्रोत्साहन दिई उक्त कार्य अघि बढीरहेको सन्दर्भमा नेपालका अधिकांश बैंक, बीमा तथा वित्तीय संस्थाहरु मर्जर भइसकेका र केही संस्थाहरु मर्जर प्रकृयामा रहेकोमा मर्जर र प्राप्तिको क्रममा संस्थामा कार्यरत कर्मचारीहरुको व्यवस्थापनका विषयमा सम्बन्धित नियमनकारी निकायहरुबाट स्पष्ट निर्देशन नभएका कारण कर्मचारीहरुको सेवाको सुरक्षा, सेवाशर्तको सुरक्षामा चुनौती सृजना भएको छ । आफूले उपभोग गर्दै आइरहेका सेवा सुविधाहरु गुमानु परेको, बहाल पदबाट घटुवा हुनुपर्ने अवस्था सिर्जना भएको, मर्जर पश्चात स्थापना भएका वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा समेत फरक-फरक रहेको जस्ता विविध कारणहरुले यस क्षेत्रका कर्मचारीहरुलाई बनाई उनीहरुको मनोबाल घट्न गई समग्र वित्तीय क्षेत्रको उत्पादकत्वमा गम्भीर ह्रास आउन सक्ने हुँदा यस तर्फ सम्बन्धित नियमनकारी निकायले संस्थाको मर्जर तथा प्राप्ति गर्नुपूर्व सर्वप्रथम संस्थामा कार्यरत कर्मचारीहरुका विषयमा कर्मचारीहरुलाई मर्का नपर्ने किसिमको स्पष्ट कार्यविधि बनाई लागु गर्न तर्फ यस युनियन जोडदार माग गर्दछ ।

यस युनियनको पहलमा लामो प्रयास पश्चात बीमा क्षेत्रलाई व्यवसायिक, व्यवस्थित एवं मर्यादित बनाउने उद्देश्यले बीमा ऐन संशोधन भई बीमा समितिलाई नेपाल बीमा प्राधिकरणमा परिणत गरी काम कारवाही अगाडि बढिसकेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । संशोधित बीमा ऐनलाई इमान्दारीपूर्वक कार्यान्वयन गरी यस क्षेत्रमा रहेका अन्योलता र समस्याहरुको समयमै समाधान हुन्छ भन्ने तर्फ यस संघ आशावादी छ । साथै, ऐनको कार्यान्वयनमा इमान्दारीपूर्वक पालना गराउन नेपाल बीमा प्राधिकरणलाई ध्यानाकर्षण गर्न चाहन्छौं ।

मुलुकमा रहेका विभिन्न लघुवित्त वित्तीय संस्थाहरुमा हालका दिनमा भइरहेका अराजक गतिविधिहरुका कारण यस क्षेत्र समस्याग्रस्त अवस्थामा पुग्न थालेको कुरा अवगत नै छ । लघुवित्त वित्तीय संस्थाहरुमा एउटै व्यक्तिले विभिन्न लघुवित्तबाट अनियन्त्रित रुपबाट आर्थिक कारोबार गर्दा नियमनकारी निकायले प्रभावकारी नियमन गर्न नसक्दा सदस्यहरुलाई अत्यधिक कर्जाको व्ययभार पर्न गएको र संस्थाबाट लगानी गरिएका कर्जाहरु असुली गर्न समस्या भएको अवस्थाका कारण यस क्षेत्रका वित्तीय संस्थाहरुले समस्या भोग्नु परिरहेको छ भने संस्थामा कार्यरत कर्मचारीहरु कर्जा असूलीमा जाँदा सांगठनिक रुपमा सांघातिक आक्रमणको सिकार हुन परिरहेको छ । यस सन्दर्भमा, यस संघले विभिन्न समयमा यस क्षेत्रको विद्यमान समस्याहरुलाई मध्यनजर गर्दै समस्याको समाधानार्थ नियमनकारी निकाय ने.रा.बैंक लगायत सम्बन्धित निकायहरुमा लिखित ध्यानाकर्षण गराइएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकले यस क्षेत्रको समस्याहरुलाई मध्यनजर गर्दै यसको ठोस समाधानको उपाय अवलम्बन गर्न जोडदार माग गर्दछौं ।

वित्तीय क्षेत्रसंग सम्बन्धित कार्यरत कर्मचारीहरुको सम्मानित रोजगार तथा सम्मानजनक जीवनयापनको सुनिश्चितताका साथै पेशागत हकअधिकार र ट्रेड युनियन अधिकारको संरक्षण र सम्बर्द्धनका लागि पूर्ण सचेतताका साथ एकिकृत एवं समन्वयात्मक कृयाकलाप अगाडि बढाउनु जरुरी देखिएको छ ।

## सामाजिक संवाद :

वित्तीय क्षेत्रमा कृयाशिल सरोकारवाला निकायसंग असल सम्बन्धको विकास गरी वित्तीय क्षेत्रलाई शान्त, सम्बृद्ध र उत्पादनशील बनाउन योगदान गर्नुको साथै वित्तीय क्षेत्रलाई मर्यादित कार्यथलोको रुपमा विकास गराउँदै जाने उद्देश्यका साथ यस संघले सामाजिक संवाद कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । सम्बन्धित पक्षहरु बीच निरन्तर संवादबाट वित्तीय क्षेत्रको नीतिगत निर्णय दिगो र श्रम पक्षीय हुने तथ्यलाई हृदयङ्गम गरी यस संघद्वारा सामाजिक संवादको प्रकृयालाई अझ व्यवस्थित र व्यवसायिक ढङ्गबाट निरन्तर संचालन गरिँदै आएको छ ।

यसै क्रममा मिति २०८० असार २६ गते, Radisson Hotel, लाजिम्पाट, काठमाण्डौमा **"नेपालको वित्तीय क्षेत्रका चुनौती, समाधानका उपाय तथा भावी कार्यदिशा"** विषयक **सामाजिक संवाद (Social Dialogue)** कार्यक्रम **पूर्व अर्थमन्त्री डा. प्रकाशशरण महतज्यूको प्रमुख आतिथ्यता**मा सम्पन्न भयो । नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक श्री नर बहादुर थापाले **"नेपालको वित्तीय क्षेत्रका चुनौती, समाधानका उपाय तथा भावी कार्यदिशा"** विषयमा Powerpoint प्रस्तुत गर्नु भएको थियो । नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, ICAN का उच्च पदस्थ कर्मचारीहरु, विभिन्न बैंक, बीमा तथा अन्य वित्तीय क्षेत्रका प्रमुख कार्यकारी अधिकृत एवं प्रतिनिधिहरु, वित्तीय क्षेत्रका विज्ञहरु र ट्रेड युनियनका नेतृत्व तहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।











त्यस्तै, मिति २०८१ पुस ५ गते Hotel Yellow Pagoda मा **"नेपालको बीमा क्षेत्रका चुनौती, समाधानका उपाय तथा भावी कार्यदिशा"** विषयक **सामाजिक संवाद (Social Dialogue)** कार्यक्रम नेपाल बीमा प्राधिकरणका निवर्तमान अध्यक्ष श्री मदन दाहालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । नेपाल बीमा प्राधिकरणका पूर्व निर्देशक श्री दिनेश कुमार लालले **"नेपालको बीमा क्षेत्रका चुनौती, समाधानका उपाय तथा भावी कार्यदिशा"** विषयमा Powerpoint प्रस्तुत गर्नु भएको थियो । नेपाल बीमा प्राधिकरणका उच्च पदस्थ कर्मचारीहरु, नेपाल बीमक संघ, जीवन बीमक संघ, माइक्रो जीवन बीमक संघ, बीमा सर्भेयर संघ, पेशागत बीमा अभिकर्ता संघका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत एवं प्रतिनिधिहरु, विज्ञहरु र ट्रेड युनियनका नेतृत्व तहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।











यस्ता सामाजिक संवाद कार्यक्रमहरुले वित्तीय क्षेत्रमा रहेका विभिन्न अन्यौलताहरुलाई चिर्दै नेपाल सरकार, रोजगारदाता र ट्रेड युनियनहरु बीच संवादका माध्यमबाट सुमधुर औद्योगिक सम्बन्ध स्थापित हुने कुरामा यस संघ विश्वस्त छ । ट्रेड यूनियनको मुख्य दायित्व पेशाकर्मीहरुको हकहित र अधिकारको सुरक्षा नै हो तथापि यसको लागि हामीले सरोकारवाला निकायहरुसंग र आवश्यकतानुसार सरकार र प्रमुख राजनीतिक दलहरुसंग पनि संवादको थालनी गर्नु जरुरी देखिन्छ । तसर्थ, हामी अब संवाद र सहकार्यको नीतिलाई अख्तियार गर्ने दिशातर्फ उन्मुख छौं । यसले संघको पहिचान, पहुँच र दायरालाई फराकिलो पार्नेछ भन्ने हाम्रो बुझाई रहेको छ ।

## UNI Organizing Project Fund सहयोग :

UNI APRO को सहकार्यमा SASK Finland द्वारा सन् २०१२ देखि सन् २०२२ सम्म संगठन विस्तार तथा विविध कार्यक्रमहरु संचालन गर्न निरन्तर सहयोग प्राप्त भइरहेकोमा सो परियोजनाको अन्त्य भइसकेको जानकारी गराउन चाहान्छु । उक्त परियोजनाको अन्त्य पश्चात् **UNI Organizing Project Fund** परियोजना अन्तरगत सन् २०२३ र २०२४ मा संगठन बिस्तार तथा विभिन्न कार्यक्रमहरु संचालनार्थ सहयोग प्राप्त भएको समेत जानकारी गराउँदछु । साथै, UNI APRO लाई सन् २०२५ मा समेत सो परियोजनाको लागि Proposal पेश गरिसकिएको र संघद्वारा प्रस्तुत Proposal स्वीकृतको चरणमा रहेको समेत जानकारी गराउन चाहान्छु ।

## NTUC को सातौं राष्ट्रिय महाधिवेशन :

यस संघ राष्ट्रियस्तरमा आबद्ध NTUC को सातौं राष्ट्रिय महाधिवेशन मिति २०८० असार ४ देखि ६ गतेसम्म प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा सम्पन्न भयो । उक्त महाधिवेशनमा यस संघको तर्फबाट महाधिवेशन प्रतिनिधि तथा पर्यवेक्षकहरुको सकृय सहभागिता रहेको थियो । उक्त महाधिवेशनबाट यस संघका पूर्व महासचिव श्री योगेन्द्र कुमार कुँवरको

अध्यक्षमा निर्वाचित हुनु भयो । त्यस्तै संघका पूर्व अध्यक्ष श्री गणेश बहादुर के.सी. उपाध्यक्ष, संघका निवर्तमान उपाध्यक्ष श्री कमल कुमार खत्री केन्द्रीय सदस्य, FIEUN कृ.बि.बैंक लि. का निवर्तमान अध्यक्ष श्री सुजित विक्रम शाह केन्द्रीय सदस्य, संघका सदस्य श्री भजन कुमार जैसी केन्द्रीय सदस्य तथा संघका सदस्य पूर्व सदस्य श्री ईश्वरी कठायत केन्द्रीय सदस्य, संघका पूर्व सदस्य श्री नारायणबाबु कार्की NTUC कोशी प्रदेश समितिका प्रदेश अध्यक्ष तथा संघका पूर्व सदस्य श्री विश्वहरि घिमिरे NTUC बागमती प्रदेश समितिका प्रदेश सचिव मा विजयी हुनु भई कार्यरत रहनु भएको छ भने विभिन्न प्रदेश समिति तथा जिल्ला समितिमा समेत संघका सदस्यहरुको उल्लेख्य प्रतिनिधित्व रहेको छ । त्यसैगरी, संघका पूर्व सदस्य श्री ध्रुवचन्द्र गौतम NTUC को केन्द्रीय सदस्यमा मनोनित हुनु भएको छ भने संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष श्री धर्म प्रसाद खनाल NTUC लेखापरीक्षण उपसमितिको संयोजकमा मनोनित हुनु भएको छ । वहाँहरुको विजय/मनोनयनले आम कर्मचारीवर्ग तथा समग्र तथा वित्तीय क्षेत्रका समस्या समाधानार्थ आवश्यक पहलकदमी हुनेमा यस संघले विश्वास गरेको छ ।

## UNI Global Union 6th World Congress & UNI APRO 6th Regional Conference:

यस संघ अन्तर्राष्ट्रिस्तरमा आबद्ध **UNI Global Union** को मिति २०८० भदौ १० देखि १३ गतेसम्म Philadelphia Convention Centre in Philadelphia, Pennsylvania, United States मा **6th World Congress** भव्य समारोह बीच सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु ।

साथै, मिति २०८१ मंसिर ५ देखि ७ गतेसम्म Bangkok, Thailand मा **6th UNI Asia & Pacific Regional Conference** भव्य समारोह बीच सम्पन्न भएको समेत जानकारी गराउँदछु । उक्त सम्मेलनमा यस संघको तर्फबाट सकृय सहभागिता रहेको व्यहोरा समेत जानकारी गराउँदछु । उक्त सम्मेलनबाट यस संघका पूर्व अध्यक्ष श्री राजेन्द्र कुमार आचार्यज्यू **UNI Asia & Pacific Region** को **Regional Secretary** (महासचिव) जस्तो गरिमामय पदमा **सर्वसम्मत रुपमा पुनः निर्वाचित** हुनु भयो । यसबाट नेपाल लगायत दक्षिण पूर्वी एशियाको ट्रेड युनियन आन्दोलनमा एउटा कोशे ढुङ्गा सावित हुने कुरामा यस संघ विश्वस्त रहेको छ ।

यसै परिप्रेक्ष्यमा उक्त सम्मेलनमा विभिन्न २० देशहरुबाट वित्तीय क्षेत्रका विशिष्ठ व्यक्तित्व तथा अग्रज युनियनकर्मीहरुको सहभागिता समेत रहेकोमा उक्त सम्मेलनको अवसरलाई सदुपयोग गर्दै **अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार गरी राष्ट्रिय समिति तथा यस संघसंग आबद्ध युनियन तथा युनियनका सदस्यहरुलाई नेतृत्व विकास तथा अन्तर्राष्ट्रिय क्षेत्रका युनियनका असल अभ्यासहरु बारे ज्ञान र दक्षता हासिल गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवसरहरु सृजना गर्ने** उद्देश्यका यस संघले बंगलादेश, भारत, श्रीलंका, जापान लगायतका विभिन्न वित्तीय क्षेत्रका ट्रेड युनियनका नेतृत्वहरुसंग Exchange program and International Solidarity सम्बन्धमा छलफल गरी प्रस्ताव पेश गरिएको छ । सो प्रस्ताव सम्बन्धमा निकट भविष्यमा Positive Response आउनेमा यस संघ विश्वास गर्दछ ।

त्यसैगरी, **6th UNI APRO Regional Conference** बाट सर्वसम्मत महासचिवमा निर्वाचित यस संघका पूर्व अध्यक्ष श्री राजेन्द्र कुमार आचार्यज्यूलाई निजको नेपाल भ्रमणको क्रममा संघको कार्यालयमा संघका पदाधिकारीहरुद्वारा **बधाई तथा शुभकामना कार्यक्रम** समेत सम्पन्न गरियो ।

## UNI Nepal को अधिवेशन एवं महिला तथा युवा सम्मेलन :

मिति २०८० मंसिर २४ र २५ गते काठमाण्डौमा सम्पन्न UNI Nepal को छैठौं अधिवेशनमा यस संघको तर्फबाट प्रतिनिधि तथा पर्यवेक्षकहरुको सकृय सहभागिता रहयो । उक्त अधिवेशनबाट यस संघका अध्यक्ष श्री पदमराज रेग्मी UNI Nepal को सह-अध्यक्ष पदमा सर्वसम्मत रुपमा निर्वाचित हुनु भयो । साथै, यस संघले संगठन विस्तारमा गरेका उपलब्धीहरुको उच्च मूल्याङ्कन स्वरुप UNI Nepal द्वारा Organizing Award बाट समेत सम्मानित गरिएको थियो ।

त्यस्तै, मिति २०८० कात्तिक १६ गते काठमाण्डौमा **UNI Nepal Youth Committee Conference & Workshop** सम्पन्न भयो । युवा सम्मेलनबाट यस संघका सदस्य **श्री बिरजित रोकाया UNI Nepal युवा समितिको अध्यक्ष पदमा सर्वसम्मत रुपमा निर्वाचित** हुनु भयो भने महिला सम्मेलनबाट संघको प्रतिनिधित्व गर्दै **श्री लसता श्रेष्ठ UNI Nepal महिला समितिको सदस्य पदमा** निर्वाचित हुनु भयो ।

## **FIEUN को राष्ट्रिय महिला तथा युवा सम्मेलन :**

मिति २०८० साउन २६ गते काठमाण्डौमा यस संघको **तेस्रो राष्ट्रिय महिला तथा युवा सम्मेलन (अधिवेशन) तथा गोष्ठी तत्कालीन शहरी विकास मन्त्रालयका माननीय मन्त्री श्री सिता गुरुङ्गजयू**को प्रमुख आतिथ्यतामा तथा NTUC का अध्यक्ष श्री योगेन्द्र कुमार कुँवरज्यूको विशिष्ठ आतिथ्यता एवं अन्य ट्रेड युनियनकर्मी अतिथिज्यूहरु तथा राष्ट्रिय युवा तथा महिला सम्मेलन प्रतिनिधि एवं पर्यवेक्षकहरुको उपस्थितमा सफलतापूर्वक सम्पन्न भयो । संघको **तेस्रो राष्ट्रिय महिला सम्मेलन**बाट **श्री सुनिता बस्यालज्यूको** अध्यक्षतामा तथा **तेस्रो राष्ट्रिय युवा सम्मेलन**बाट **श्री गौरब बिष्टज्यूको** अध्यक्षतामा १५/१५ सदस्यीय राष्ट्रिय महिला समिति र युवा समितिको गठन भयो ।









## **समाज प्रति उत्तरदायी : Union Social Responsibility (USR) अन्तरगतका कार्यक्रमहरु :**

पेशाकर्मीहरुको अधिकारका लागि मात्र नभई ट्रेड युनियनहरु सदैव मुलुकको आर्थिक विकास, समाजको भलाई र उन्नतिका लागि पनि कृयाशिल रहनु पर्दछ भन्ने यस संघको मान्यता रहेको छ र सोही बमोजिम  सामाजिक कृयाकलापहरु समेत संचालन हुँदै आएका छन् । यसै सन्दर्भमा,

- FIEUN द्वारा Korea Financial Industry Foundation **(KFIF)** को आर्थिक सहयोग एवं UNI Global Union Asia & Pacific, लुम्बिनी विकास कोष **(LDT)** र राष्ट्रिय वाणिज्य बैंक लि. को सहयोग तथा सहकार्यमा **Corporate & Union Social Responsibility** कार्यक्रम अन्तरगत **पवित्रभूमि लुम्बिनी गुरुयोजना क्षेत्र भित्र गेट नं.४ मा *Gender Separated Smart[ Public Toilet*** को निर्माण कार्य सम्पन्न गरी १ जनवरी, २०२४ देखि संचालनमा ल्याएको छ ।



















- जाजरकोट/रुकुम केन्द्रविन्दु भई गएको विनाशकारी भूकम्पबाट ठूलो जनधनको क्षति भएको दुःखद अवस्थालाई मध्यनजर गरी यस संघको अग्रसरतामा "**भूकम्प पीडितहरुलाई सहयोगार्थ राहत कोष**" स्थापना गरिएकोमा संघसंग आबद्ध प्रतिष्ठानस्तरका युनियन तथा संघका पदाधिकारीहरुको व्यक्तिगत सहयोग समेत गरी रु. ३०१,१११/- नेपाल सरकार मार्फत पीडितहरुलाई सहयोगार्थ रकम सहयोग गरिएको ।

- संघसंग आबद्ध प्रतिष्ठानस्तरका युनियनहरुद्वारा स्थापना दिवस लगायत विभिन्न समयमा रक्तदान कार्यक्रम, बाढी तथा भुकम्प पीडितहरुलाई सहयोग कार्यक्रम, वृद्धाश्रम तथा बालबालिका आश्रमहरुलाई सहयोग लगायतका विभिन्न सामाजिक उत्तरदायित्व अन्तरगतका कार्यक्रमहरु समेत सम्पन्न गरिएको

## संगठन सुदृढिकरण र विस्तारका कार्यक्रम :

### १) अन्तर्राष्ट्रिय श्रमिक दिवस (May 1st) :

अन्तर्राष्ट्रिय श्रमिक दिवस (May 1st) लाई भव्यताका साथ मनाउने क्रममा यस संघ राष्ट्रियस्तरमा आबद्ध रहेको नेपाल ट्रेड यूनियन काँग्रेस (NTUC) को आयोजनामा भएको श्रमिक ऱ्याली तथा विविध कार्यक्रमहरुमा यस संघको तर्फबाट सकृय एवं उल्लेखीय सहभागिता रहँदै आएको व्यहोरा जानकारी गराउँदछु ।

### २) तीज कार्यक्रम :

FIEUN, महिला समितिको आयोजनामा मिति २०८१ भदौ १६ गते **नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको** अवसरमा **तीज विशेष कार्यक्रम- २०८१** सम्पन्न भयो । नेपाल महिला संघका अध्यक्ष श्री उषा राउतज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा संघका महिला सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो ।








### ३) अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) :

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस- २०२४ (मार्च ८) को अवसरमा यस संघको राष्ट्रिय महिला समितिको आयोजनामा मिति २०८० फागुन २३ गते, बुधबारका दिन राष्ट्रिय वाणिज्य बैंक लि. दरबारमार्ग, काठमाण्डौ स्थित हलमा **"Empowerment Course For Finance Sector Women"** विषयक एक दिवशीय तालिम कार्यक्रम संचालन भएको जानकारी गराउन चाहन्छु । साथै, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) लाई भव्यताका साथ सफल पार्न NTUC, महिला समिति तथा UNI Nepal, महिला समितिद्वारा आयोजित कार्यक्रमहरुमा समेत यस संघको तर्फबाट सकृय सहभागिता रहेको थियो ।

### ४) FIEUN Day (चैत्र २२) :

नेपाल वित्तीय संस्था कर्मचारी संघ (FIEUN) को **३४ औं स्थापना दिवस** (FIEUN DAY) को अवसरमा मिति २०८० चैत २२ गते **बृहत् प्रभातफेरी कार्यक्रम** सम्पन्न गरियो । उक्त कार्यक्रममा यस संघसंग आबद्ध युनियनका सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो ।











### ५) नयाँ प्रतिष्ठानहरुको आबद्धता :

संघको नवौं राष्ट्रिय महाधिवेशनले निर्देशित गरे बमोजिम ट्रेड युनियन आन्दोलनलाई थप सबल बनाउन नीजि क्षेत्रमा समेत संघको सांगठनिक दायरा फराकिलो ढंगले बढाउँदै जाने रणनीति अनुरुप यस अवधिमा संगठन विस्तारका लागि संचालन गरिएका विभिन्न कार्यक्रमको फलस्वरुप निम्नानुसार प्रतिष्ठानहरुमा युनियन गठन भई यस संघको सांगठनिक संरचनामा विस्तार भएको छ ।

**१) नेपाल क्लियरिङ्ग हाउस लिमिटेड**
**२) आशा लघुवित्त वित्तीय संस्था लिमिटेड**
**३) सिन्धु विकास बैंक लिमिटेड**

### ६) वित्तीय दर्पण प्रकाशन :

प्रकाशनको माध्यमबाट सदस्यहरुको ज्ञान, शिपमा अभिवृद्धि ल्याउने एवं सुसुचित गराउने उद्देश्यले यस संघले बैंक तथा वित्तीय, बीमा, धितोपत्र बजार, गैर बैंकिङ्ग वित्तीय क्षेत्रहरुसंग सम्बन्धित लेख रचनाहरुको संग्रहको रूपमा बहुउपयोगी पाठ्यसामाग्रीको रूपमा नियमित रुपमा वित्तीय दर्पण स्मारिका प्रकाशन गर्दै आइरहेको छ । यसै क्रममा संघले आर्थिक विशेषाङ्क वित्तीय दर्पण स्मारिका अंक १७ प्रकाशन गरेको छ भने आगामी अंक प्रकाशनलाई निरन्तरता समेत दिइनेछ ।

### ७) क्यालेण्डर प्रकाशन :

यस संघले विगत वर्षहरुमाझैँ क्यालेण्डर प्रकाशन कार्यलाई निरन्तरता दिदैं नयाँ वर्षको अवसरमा बि.सं. २०८० र २०८१ सालमा टेबल क्यालेण्डर छपाई गरी वितरण देशव्यापी रुपमा वितरण गरिएको छ ।

### विभागहरुको गठन :

संघको सांगठनिक कृयाकलापहरु थप व्यवस्थित ढंगबाट अगाडि बढाउन निम्नानुसार संयोजक रहने गरी विभागहरु गठन भई कृयाशिल रहेको छ ।

| क्र.सं. | ीवभाग | संयोजक |
|---|---|---|
| १) | राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध विभाग | पदम राज रेग्मी (अध्यक्ष) |
| २) | शिक्षण तथा प्रशिक्षण विभाग | परशुराम खनाल (वरिष्ठ उपाध्यक्ष) |
| ३) | योजना तथा विकास विभाग | शिवराज तिमिल्सिना (उपाध्यक्ष) |
| ४) | अतिरिक्त क्रियाकलाप विभाग | शिवहरि भण्डारी (उपाध्यक्ष) |
| ५) | प्रकाशन विभाग | देव गुरागाईं (उपाध्यक्ष) |
| ६) | कानून विभाग | सपना शाही (उपाध्यक्ष) |
| ७) | सूचना सञ्चार विभाग | बरुण खड्का (उप-महासचिव) |
| ८) | संगठन विभाग | विकाश श्रेष्ठ (महासचिव) |
| ९) | नीति कार्यान्वयन तथा समन्वय विभाग | शिवनाथ योगी (उपाध्यक्ष) |
| १०) | श्रम सम्बन्ध विभाग | राजु बहादुर जि.सी. (उपाध्यक्ष) |
| ११) | आर्थिक विभाग | जेम्स जोशी (कोषाध्यक्ष) |
| १२) | गुनासो व्यवस्थापन विभाग | सविन भट्टराई (उप-महासचिव) |
| १३) | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा विभाग | शम्भु प्रसाद मिश्र (उपाध्यक्ष) |
| १४) | भवन निर्माण तथा जग्गा व्यवस्थापन विभाग | धर्म प्रसाद खनाल (सल्लाहकार) |

### अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार :

दक्षिण कोरियामा कृयाशिल Korean Financial Industry Union (KFIU) र यस संघ बीच मिति २०८० पुस ३ गते एकआपसका Experience & Knowledge Sharing गर्ने उद्देश्यका साथ **MOU on Exchange program and International Solidarity** सम्झौता हस्ताक्षर गरिएको जानकारी गराउन चाहान्छु ।



**मनोनयन :**

- नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) को सातौं राष्ट्रिय महाधिवेशन पश्चात् विभिन्न विभागहरुको गठनको लागि यस संघको तर्फबाट FIEUN का अध्यक्ष श्री पदमराज रेग्मी, वरिष्ठ उपाध्यक्ष श्री परशुराम खनाल र FIEUN, महिला समितिका अध्यक्ष श्री सुनिता बस्याललाई मनोनयन गरिएको ।
- FIEUN को नवौं राष्ट्रिय महाधिवेशनबाट नयाँ कार्य समिति गठन भए पश्चात् UNI NLC Executive Board Committee मा यस संघको प्रतिनिधित्व गर्न FIEUN का अध्यक्ष श्री पदमराज रेग्मी, वरिष्ठ उपाध्यक्ष श्री परशुराम खनाल, महासचिव श्री विकाश श्रेष्ठ, उपमहासचिव श्री गिता बस्नेत र FIEUN रा.बा.बैंक लि. का अध्यक्ष श्री ईश्वर बहादुर सिंहलाई मनोनयन गरिएको ।

**सदस्यहरुको ज्ञान, शिप र क्षमता अभिवृद्धिका लागि UNI Asia & Pacific Global Union को सहयोगमा FIEUN द्वारा तपसिलमा उल्लेख भएका कार्यक्रमहरुमा ४९४ पुरुष र ३१० महिला गरी जम्मा ८०४ जना सहभागी हुनु भएको व्यहोरा अवगत गराउन चाहन्छु ।**

| क्र.सं. | कार्यक्रम | मिति र स्थान | सहयोगी संस्था | सहभागी | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| (१) | Training on "Enhancing Collective Bargaining Skills For Finance Sector" | २०८० बैशाख २९ गते, काठमाण्डौ | UNI APRO | ५ | २३ | २८ |
| (२) | Training on "Leadership Skills Development for Youth Women" | २०८० जेठ २६ गते, काठमाण्डौ | UNI APRO | ३२ | - | ३२ |
| (३) | Social Dialogue on "Addressing Challenges, Solutions & Future Strategies in Nepal's Financial Sector" | २०८० असार २६ गते, काठमाण्डौ | UNI APRO | १३ | ६४ | ७७ |
| (४) | Campaign on "Gender, Occupational Safety and Health & Climate Change Issues" | २०८० साउन १२ गते, रुपन्देही | UNI APRO | १६ | ४१ | ५७ |
| (५) | Women Empowerment Course For Finance Sector | २०८० साउन २६ गते, काठमाण्डौ | UNI APRO | ३८ | - | ३८ |
| (६) | Training on "Leadership Skills Development For Finance Sector Youth" | २०८० साउन २६ गते, काठमाण्डौ | UNI APRO | ७ | ३९ | ४६ |
| (७) | Training on "Organizing Skills Development For Finance Sector" | २०८० मंसिर १५ गते, काठमाण्डौ | UNI APRO | ७ | २४ | ३१ |
| (८) | Campaign on "Gender, Occupational Safety and Health & Climate Change Issues" | २०८० पुस ६ गते, सुर्खेत | UNI APRO | १५ | ४४ | ५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (९) | Campaign on "Gender, Occupational Safety and Health & Climate Change Issues" | २०८० फागुन ११ गते, बिराटनगर | UNI APRO | १७ | ५३ | ७० |
| (१०) | Empowerment Course For Finance Sector Women | २०८० फागुन २३ गते, काठमाण्डौ | UNI APRO | ४२ | - | ४२ |
| (११) | Training on "Leadership Skills Development For Finance Sector" | २०८० फागुन २७ गते, पोखरा | UNI APRO | ६ | २५ | ३१ |
| (१२) | Training on "Enhancing Collective Bargaining Skills for Finance Sector Trade Union Leaders" | २०८१ जेठ ४ गते, काठमाण्डौ | UNI APRO | १६ | ४४ | ६० |
| (१३) | Organizing Training For Finance Sector Workers | २०८१ जेठ ४ गते, धनगढी | UNI APRO | २४ | ३३ | ५७ |
| (१४) | Campaign on "Gender, Occupational Safety and Health & Climate Change Issues" | २०८१ असार ८ गते, जनकपुर | UNI APRO | ५ | ४० | ४५ |
| (१५) | Youth & Women Organizers Forum For Finance Sector | २०८१ भदौ १६ गते, काठमाण्डौ | UNI APRO | ५७ | १५ | ७२ |
| (१६) | Social Dialogue on “Nepal’s Insurance Sector Challenges, Solutions and Way Forward” | २०८१ पुस ५ गते, काठमाण्डौ | UNI APRO | १० | ४९ | ५९ |
| | **जम्मा** | | | ३१० | ४९४ | ८०४ |


Training on
"Enhancing Collective Bargaining Skills For Finance Sector"




Training on
"Leadership Skills Development for Youth Women"


Training on
"Leadership Skills Development for Youth Women"
Kathmandu, Bagmati Province, Nepal
9th June, 2023


Training on


CAMPAIGN ON






CAMPAIGN ON


"Women Empowerment
Course for Finance Sector"


"Women Empowerment
Course for Finance Sector"




Training on
"Leadership Skills Development
for Finance Sector Youth"


"Leadership Skills Development




Leadership
Youth






Campaign on
Climate Change Issue


Training on
"Organizing Skills Development For Finance Sector"


KIMCHI
KIMCHI




Campaign on
"Gender, Occupational Safety and Health
& Climate Change Issues"


Training on


UNI global union asia & pacific
Training on
"Enhancing Collective Bargaining Skills For Finance Sector Trade Union Leaders"
17th May 2024


UNI global union asia & pacific
Training on
"Enhancing Collective Bargaining Skills For Finance Sector Trade Union Leaders"


KIMCHI
"Enhancing Collective Bargaining Skills For Finance Sector Trade Union Leaders"
Introduction of CBA & Global Framework Agreement




KIMCHI




"Organizing Training For
Finance Sector Workers"




"Youth & Women Organizers Forum
For Finance Sector"






"Youth & Women Organizers Forum
For Finance Sector"






**संघले शुभेच्छुक एवं सहयोगी संघ-संस्थासंग सुमधुर सम्बन्ध राखी उनीहरुको कृयाकलापमा आफ्ना सदस्यहरुको दक्षता अभिवृद्धि तथा अन्य कार्यक्रमहरुमा सहभागी जनाउँदै आएको छ । यस अवधिमा NTUC, UNI NLC, FES, CLASS NEPAL लगायत विभिन्न संस्थाहरुबाट आयोजित तपसिलमा उल्लेखित कार्यक्रमहरुमा संघको तर्फबाट सकृय सहभागिा रह्यो ।**

| क्र.सं. | कार्यक्रम | मिति र स्थान | आयोजक | सहभागी | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| (१) | UNI Nepal Women Committee Conferece & Workshop | २०८० कात्तिक १६ गते, काठमाण्डौ | UNI Nepal Women Committee | २ | - | २ |
| (२) | UNI Nepal Youth Committee Conferece & Workshop | २०८० कात्तिक १६ गते, काठमाण्डौ | UNI Nepal Youth Committee | - | २ | २ |
| (३) | “Enhancing Social Democratic Agenda Through Trade Unions” | २०८० साउन १५ गते, काठमाण्डौ | FES/CLASS Nepal | १ | १ | २ |
| (४) | लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐश्यबद्धता | २०८० मंसिर १९ गते, काठमाण्डौ | NTUC Women Committee | १ | - | १ |
| (५) | अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेको व्यक्तिको सामाजिक सुरक्षा योजना | २०८० साउन ३१ गते, काठमाण्डौ | SSF | २ | १० | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (६) | “Revisiting Workers Participation in Policy Making Process” | २०८१ साउन ४ गते, काठमाण्डौ | FES/CLASS Nepal | १ | १ | २ |
| (७) | Youth Organizing Workshop | २०८१ साउन ४ देखि ६ गते, धुलिखेल | UNI Nepal | १ | १ | २ |
| (८) | WomenEmpowerment Workshop | २०८१ साउन ४ देखि ६ गते, धुलिखेल | UNI Nepal | २ | - | २ |

**यस संघसंग आवद्ध विभिन्न प्रतिष्ठानस्तरका ट्रेड युनियनहरुमा नियमित सांगठनिक क्रियाकलाप अन्तरगत निम्नानुसार अधिवेशन सम्पन्न भएको व्यहोरा अनुरोध गर्दछु ।**

| क.सं. | युनियनको नाम | अधिवेशन/ भेला | मिति र स्थान | कैफियत |
|---|---|---|---|---|
| (१) | नेपाल एसबिआई बैंक कर्मचारी संघ | पाँचौं केन्द्रीय महाधिवेशन | २०८० बैशाख ९ गते, काठमाण्डौ | श्री गिरिजन कार्कीको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (२) | नेपाल बीमा प्राधिकरण कर्मचारी युनियन | तेश्रो महाधिवेशन | २०८० बैशाख १५ गते, ललितपुर | श्री शम्भु प्रसाद मिश्रको अध्यक्षतामा नयाँ कार्यसमिति गठन |
| (३) | FIEUN, नागरिक लगानी कोष | तेस्रो केन्द्रीय अधिवेशन | २०८० असार ८ गते, काठमाण्डौ | श्री अच्युतम पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (४) | नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियन | सातौं अधिवेशन | २०८० असार १४ गते, ललितपुर | श्री अजय ढुङ्गानाको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (५) | FIEUN, राष्ट्रिय जीवन बीमा कम्पनी लि. | केन्द्रीय समिति बैठक | २०८० साउन २२ गते, काठमाण्डौ | श्री अर्जुन पराजुलीलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको |
| (६) | प्राइम कमर्सियल बैंक कर्मचारी संघ | तेश्रो केन्द्रीय महाधिवेशन | २०८० मंसिर १६ गते, काठमाण्डौ | श्री बुद्धिराज पोखरेलको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (७) | सूर्यज्योति लाइफ इन्स्योरेन्स कर्मचारी संघ | केन्द्रीय समिति बैठक | २०८० फागुन ६ गते | श्री सुमिन सिंहालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको |
| (८) | एभरेष्ट बैंक कर्मचारी संगठन | छैठौं राष्ट्रिय महाधिवेशन | २०८० चैत १७ गते, काठमाण्डौ | श्री परशुराम सुवेदी अध्यक्षमा पुन: निर्वाचित भई नयाँ कार्यसमिति गठन |
| (९) | नबिल बैंक कर्मचारी संघ | बाह्रौं महाधिवेशन | २०८१ बैशाख १५ गते, काठमाण्डौ | श्री सबिन भट्टराई पुन: अध्यक्षमा निर्वाचित भई नयाँ कार्यसमिति गठन |
| (१०) | FIEUN, नेपाल बैंक लि. | दशौं केन्द्रीय अधिवेशन | २०८१ जेठ ३० र ३१ गते, काठमाण्डौ | श्री जिवराज ढकाल पुन: अध्यक्षमा निर्वाचित भई नयाँ कार्यसमिति गठन |
| (११) | स्वावलम्बन बैंक कर्मचारी संगठन | केन्द्रीय अधिवेशन | २०८१ जेठ ३१ र ३२ गते, चितवन | श्री जिवन प्रसाद पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति गठन |

| | | | | |
|---|---|---|---|---|
| (१२) | हिमालयन लाइफ इन्स्योरेन्स कर्मचारी युनियन | चौथो केन्द्रीय अधिवेशन | २०८१ साउन ६ गते, काठमाण्डौ | श्री हरि बहादुर खड्काको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (१३) | कुमारी बैंक स्वतन्त्र कर्मचारी युनियन | केन्द्रीय समिति बैठक | २०८१ साउन २२ गते | श्री कुमार खतिवडालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको |
| (१४) | FIEUN, कर्मचारी सञ्चय कोष | केन्द्रीय समिति बैठक | २०८१ भदौ ९ गते, काठमाण्डौ | श्री बल बहादुर कुँवरलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको |
| (१५) | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी संघ | आठौं साधारण सभा | २०८१ भदौ २८ गते, ललितपुर | श्री किशोर पराजुलीको अध्यक्षतामा आगामी ३ वर्षे कार्यकालको लागि नयाँ कार्यसमिति गठन |
| (१६) | लक्ष्मी सनराईज बैंक कर्मचारी संघ | चौथो केन्द्रीय महाधिवेशन | २०८१ कात्तिक १० गते, काठमाण्डौ | श्री सन्तोष खनाल पुनः अध्यक्षमा निर्वाचित भई नयाँ कार्यसमिति गठन |
| (१७) | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी स्वतन्त्र कर्मचारी युनियन | सातौं अधिवेशन | २०८१ मंसिर २९ र ३० गते, बोडे, भक्तपुर | श्री कर्म लाल योन्जन लामाको अध्यक्षतामा नयाँ कार्य समिति गठन |
| (१८) | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक कर्मचारी युनियन | तेश्रो केन्द्रीय महाधिवेशन | २०८१ माघ १६ गते, काठमाण्डौ | श्री शिवहरि भण्डारी पुनः अध्यक्षमा निर्वाचित भई नयाँ कार्य समिति गठन |
| (१९) | सिन्धु विकास बैंक लि. कर्मचारी युनियन | प्रथम केन्द्रीय अधिवेशन | २०८१ माघ १७ गते, बनेपा, काभ्रे | श्री कृष्ण बहादुर पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति गठन |

**निर्वाचित तथा मनोनित सम्पूर्ण कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई यस संघको तर्फबाट पुनः हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौं ।**

## आबद्ध प्रतिष्ठानहरुको मागदाबी :

यस संघसंग आबद्ध प्रतिष्ठानस्तरका ट्रेड युनियनहरुले विगतमा भएका सहमति कार्यान्वयन नभएका एवं समय सापेक्ष मागहरु समेत राखी कृषि विकास बैंक लि., नेपाल राष्ट्र बैंक, नबिल बैंक लि., हिमालयन बैंक लि., माछापुच्छ्रे बैंक लि., प्राइम कमर्सियल बैंक लि., लक्ष्मी सनराईज बैंक लि., नेपाल एसबिआई बैंक लि., नेपाल इनभेष्टमेण्ट मेगा बैंक लि., सिद्धार्थ बैंक लि., एभरेष्ट बैंक लि., हिमालयन लाइफ इन्स्योरेन्स कम्पनी लि., सूर्यज्योति लाइफ इन्स्योरेन्स लि., मेटलाइफ इन्स्योरेन्स, निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. लगायतका संस्थाहरुमा युनियन र व्यवस्थापन बीच सामूहिक सौदाबाजी सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु । व्यवस्थापन र युनियन बीच सहमित गर्ने तर कार्यान्वयनको पक्षमा ढिलासुस्ती एवं आनाकानी गर्ने प्रवृत्ति यथावत रहेको हुँदा यस्ता लिखित रुपमा सहमति भएका मागहरुलाई अक्षरस कार्यान्वयन गराउने तर्फ तहाँ कृयाशिल युनियनहरुले थप दबाबमूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

ट्रेड युनियनसंग सहमति गर्ने तर अनेक बहानामा कार्यान्वयनमा ढिला सुस्ती गर्ने जस्ता प्रवृतिले विभिन्न प्रतिष्ठानहरुमा औद्योगिक द्वन्द भइरहेको छ । यस सन्दर्भमा नेपाल सरकार, विभिन्न प्रतिष्ठानका व्यवस्थापन लगायतका सबै निकायहरुलाई ट्रेड युनियन हक र अधिकारको सम्मान गर्दै नियमित रुपमा सामुहिक सौदावाजीको प्रक्रियालाई अगाडि बढाउन र न्यूनतम श्रम मापदण्ड नेपालको वित्तीय क्षेत्रमा लागु गर्न यस संघ जोडदार माग गर्दछ ।

## आबद्ध युनियनहरुबाट संघलाई जानकारी गराईएका गतिविधिहरु :

### माछापुच्छ्रे बैंक कर्मचारी संघ :

१) नयाँ कार्य समिति गठन पश्चात केन्द्रीय पदाधिकारी तथा सदस्यहरु बाट प्रदेश स्तरमा रहेका शाखाहरुको भ्रमण भएको ।

२) नयाँ कार्य समिति गठन पश्चात २०८१ बैशाख २३ गते पाँचौ सामुहिक सौदाबाजी पेश गरी २०८१ असार ३१ गते सफलता पूर्वक सामुहिक सौदाबाजी सम्झौता सम्पन्न भई २०८१ श्रावण १ गतेबाट कार्यन्वयनमा आइसकेको । केही थप नयाँ सहमतीहरु निम्न बमोजिम भएको ।

- श्रम समिति र कल्याणकारी कोषको स्थापना ।
- सहयोगी श्रेणी स्तरमा नयाँ पद सृजना ।
- तलब भत्ता लगायत अन्य सेवामा वृद्धि ।
- कर्मचारीहरुलाई प्रदान गरिने कर्जा सुबिधाको व्याजदर अघिल्लो वर्षको तुलनामा कम गरिएको ।

३) माछापुच्छ्रे बैंक कर्मचारी संघको भदौ २३ गते पर्ने वार्षिक उत्सवमा माछापुच्छ्रे बैंकको देश भरमा रहेको सम्पूर्ण शाखाहरु तथा प्रधान कार्यलयमा केक कटिङ्ग कार्यक्रम गरी भव्यता साथ मनाएको ।

४) माछापुच्छ्रे बैंक कर्मचारी संघको वार्षिक उत्सवको अवसरमा स्वास्थ्य शिविरमा स्वास्थ्य सामाग्रीहरु वितरण गरेको ।

५) २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षा पछि आएको बाढी तथा पहिरोले क्षती पुऱ्याएको कर्मचारी साथीहरुलाई राहात सामाग्री वितरण ।

६) कर्मचारी साथीहरुको घर परिवारमा भएको दुखद घटनामा सहाभिता भई सान्त्वना स्वरुप आर्थिक सहयोग प्रदान गरेको ।

७) केन्द्रीय तथा प्रादेशिक स्तरमा विभिन्न समयमा बैठकहरु सम्पन्न गरेको ।

### FIEUN नागरिक लगानी कोष :

- **२०८० भाद्र ८** गते तेस्रो केन्द्रीय अधिवेशनबाट श्री अच्युतम पौडेलको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको ।
- **२०८० असोज २३** गते उच्च व्यवस्थापन समक्ष कर्मचारीको हक हितको सम्बन्धमा ज्ञापन पत्र पेश गरेको ।
- **२०८० चैत्र ४** गते उच्च व्यवस्थापन र संचालक समिति समक्ष कर्मचारी वार्षिकोत्सव भत्ता उपलब्ध गराउन ध्यानाकर्षण गराइएको
- **२०८० चैत्र १६** गते एन आइ सी एसिया फियनका अध्यक्षको उपचारार्थ आर्थिक सहयोग राष्ट्रिय समितिको बैंक खातामा जम्मा गरेको
- **२०८१ साउन १०** गते नेपाल वित्तीय संस्था कर्मचारी संघ, निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले व्यवस्थापन सँग मागदाबी गरेको विषयप्रति ऐक्यबद्धता जनाएको ।
- **२०८१ भाद्र २६** गते कर्मचारी सेवाशर्त विनियमावली तथा सेवा सुविधा सम्बन्धमा माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेल सँग अर्थमन्त्रालयमा छलफल गरेको ।
- **२०८१ माघ २२** गते कर्मचारीको हक हितका सम्बन्धमा ४ बुँदे माग उच्च व्यवस्थापन र संचालक समितिसमक्ष पेश गरेको ।

## सूर्यज्योति लाइफ इन्स्योरेन्स कर्मचारी संघ :

१) कर्मचारी संघले मिति २०८१।०३।२६ गते व्यवस्थापन समक्ष १४ बुदे माग पेश गरेको थियो ।

२) बिभिन्न चरणबद्ध (४ चरणमा बार्ता) बार्ता गरी मिति २०८१।०५।३१ मा सहमती भई २०८१ श्रावणबाटै लागू भएको ।

३) कर्मचारी संघले सात वटै प्रदेशमा प्रदेश भेला गरी संघको ५ सदस्य प्रदेश समिति चयन गरेको छ ।

४) संघले मिति २०८१।०३।१४ गते संमानित उच्च अदालत पाटनमा व्यवस्थापन तथा संचालक बिरुद्ध **उत्प्रेरणा परमादेश** माग गरी मुद्धा हालेकोमा संघको पक्षमा मिति २०८१।०६।१५ गते फैसला भएको ।

५) अन्य कर्मचारी संघ संग सम्वन्धित गतीबिधि बिना अवरोध निरन्तर संचालनमा रहेको ।

## FIEUN ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.:

१. यस संसथामा कार्यरत एक तह देखी पांचै तहसम्म एक तह बढुवा सहित नोकरीको बांकी अवधिको थप उपदान सहितको प्रभावकारी VRS योजना यस संघको विशेष पहलमा ल्याउन सफल भएको ।

२. यस संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको नाममा रहेको कर्मचारी उपदान तथा संचित विदा वापतको दायीत्व ७० प्रतिशतले व्यवस्थापन (घटाउन) सफल रहेको ।

३.गत आ.व. मा यस संस्थाबाट अनिवार्य अवकाशमा र VRS मा जाने कर्मचारीको संख्या बढन गई शाखा संचालन गर्न सहायक कर्मचारी (तेश्रो) अति नै आवश्यक देखिएकोले १२३ जनाकर्मचारी करारमा भर्ना गरिएकोमा सो को ८० प्रतिशत कर्मचारीहरुलाई यस संघको सदस्यता प्रदान गरिएको जसबाट संगठन थप मजवुत बनाउन सफल रहेको ।

४. यस संस्थमाकार्यरत रहेका ८१० जना कर्मचारीहरु मध्ये ६५५ जना कर्मचारीहरुलाई यस संघमा सदस्ता नविकरण तथा नयां सदस्यता वितरण गरिएको ।

५. २०७१ सालमा संस्था मर्ज भएपश्चात रोकिएको बैदिशिक भ्रमण यस संघको पहलमा करिव ८० प्रतिशत प्रतिनिधित्व हुने गरी कर्मचारीहरुलाई बैदेशिक भ्रमण गराईएको ।

६. २०७१ सालमा संस्था मर्ज भएपश्चात रोकिएको बृत्तिविकास यस संघको विशेष पहलमा २ तहदेखी १० तहसम्मको कर्मचारी बृत्तिविकास विज्ञापन गरी प्रकृया अन्तिम चरणमा पुगेको ।

७. यस संस्थाबाट आगामी २०८३ सालसम्म अधिकांश कर्मचारीहरुको अनिवार्य अवकाशमा जाने भएकोले र विचविचमा कर्मचारीहरुको विज्ञापन हुन नसकेकोले एकैपटक कर्मचारी Vacum श्रृजना हुने भएकोले तेश्रो, चौथो र छैठौ तहमा नयां विज्ञापन गरी लिखित परिक्षा समेत भई रिजल्ट प्रकाशित हुने प्रकृयामा रहेको ।

## लक्ष्मी सनराईज बैंक कर्मचारी संघ :

१) लक्ष्मी सनराईज बैंक कर्मचारी संघको चौथो महाधिवेशन मिति २०८१ कात्तिक १० गते किम्ची बैंक्वेट, अनामनगर, काठमाण्डौमा सम्पन्न गरियो । उक्त महाधिवेशनबाट श्री सन्तोष खनालको अध्यक्षतामा नयाँ केन्द्रीय समिति गठन गरियो ।

२) लक्ष्मी बैंक लि. र सनराईज बैंक लि. मिति २०८० असार २९ गतेबाट एकिकृत कारोबार शुरु भएको छ । संस्था मर्ज भएसंगै लक्ष्मी बैंक कर्मचारी संघलाई श्रम कार्यालयमा लक्ष्मी सनराईज बैंक कर्मचारी संघको रुपमा दर्ता प्रमाण पत्र कायम गरियो । साथै, दुई बैंक मर्ज पश्चात संघको सदस्य संख्या समेत वृद्धि भएको ।

३) कर्मचारी संघले मिति २०८० बैशाखमा व्यवस्थापन समक्ष मागपत्र पेश गरिएकोमा व्यवस्थापन र युनियन बीच सामूहिक सौदाबाजी सम्पन्न भएको ।

## कर्मचारी संघ मेटलाइफ नेपाल :

१) मिति २०८० साउन २५ गते रक्तदान कार्यक्रम आयोजना गरिएको ।

२) मिति २०८० भदौ ९ गते संघका सदस्यहरुको सहभागितामा ट्रेड युनियनको महत्व र चुनौति विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

३) मिति २०८० साउन २४ गते रक्तदान कार्यक्रम आयोजना गरिएको ।

## महिला सहयोगी कर्मचारी संघ :

१) २०७९ साउन देखि लागु हुने गरी सम्पूर्ण कर्मचारीहरुको १८ प्रतिशतका दरले आधार स्केलमा वृद्धि भएको ।
२) २०८० मा सम्पूर्ण कर्मचारीहरुको खाजा भत्तामा रु. १,२५० वृद्धि भएको ।
३) २०८१ मा कर्मचारीहरुको परिवहनमा रु. १,३०० का दरले वृद्धि भएको ।
४) आधार स्केल श्रम ऐन अनुसार नपुग्ने कर्मचारीहरुको हकमा २०८१ मंसिर देखि श्रम ऐन अनुसार लागु गरेको करार कर्मचारीहरुलाई पनि २०८१ साउन देखि सञ्चय कोष र उपदानको व्यवस्था गरेको ।
५) संस्थाले बिदा व्यवस्थापन गर्नलाई संचित बिदाको भुक्तानी नदिएर कोल्याप्स गरेकोमा कर्मचारी संघले विरोध र लिखित निवेदन पेश गरे पश्चात् समाधान भएको ।

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक कर्मचारी युनियन :

१. गाभ्ने गाभिने संस्थाका कर्मचारीहरुको हकमा निजहरुले साविकमा खाईपाई आएको तलव, भत्ता, सुविधा तथा सेवाका सर्तहरु नघट्ने गरी कर्मचारी सेवा विनियमावली लगायत अन्य आवश्यक संशोधन गरी पेश गर्नुपर्ने छ भन्ने उल्लेख गरी गाभ्न गाभिन अन्तिम स्वीकृती प्रदान गरीएको हुदा साविक दुबै बैंकमा रहेको कर्मचारी सेवा विनियमावलीको गहन अध्ययन गरी कर्मचारीहरुले खाईपाई आएको सम्पुर्ण सुविधाहरु एकिकृत विनियमावलीहरुमा समावेस भए नभएको एकिन गरि मात्र एकिकृत विनियमावली स्विकृती दिनुहुन भनि नेपाल राष्ट्र बैंक समक्ष पत्राचार गरिएको ।

२. श्रम ऐन २०७४ को दफा ११६ र ११७ र ट्रेड यूनियन ऐन २०४९ को दफा ११ बमोजिम आधिकारीक ट्रेड यूनियनको हैसियतले सामुहिक सौदावाजीको लागि कर्मचारी यूनियनले बैंक व्यवस्थापन समक्ष १३ सुत्रीय मागहरु राखी आवश्यक कार्यान्वयनको लागि मिति २०८०/०४/०१ गते पेश गरीएकोमा उक्त मागका सम्वन्धमा बैंक व्यवस्थापनले कुनै चासो नदेखाएकोले कानुनी प्रक्रिया पुरा गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय समक्ष पेश हुन गएकोमा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव श्री गगन सिंह विष्ट संयोजक, रोजगारदाताको प्रतिनिधि नेपाल बैंकर्स संघबाट श्री अनिल शर्मा सदस्य र श्रमिक प्रतिनिधि संयुक्त ट्रेड युनियन समन्वय केन्द्रबाट श्री गणेश बहादुर के.सी. समेतको विवाद समाधानार्थ मध्यस्थ समिति गठन गरी गठित मध्यस्थको रोहबरमा बैंक व्यवस्थापन र युनियनका बिच बिभिन्न मितिमा छलफल भई केही बुदाहरुमा मध्यस्थको रोहवरमा मिति २०८१/०७/२९ गते सहमति भएको र केही बुदामा मध्यस्थले मिति २०८१/०९/१२ गते निर्णय गरी विवाद समाधान गरीएको । साथै कार्यान्वयनमा समेत आईसकेको ।

३. बैंकमा कार्यरत कर्मचारीहरुलाई प्रदान गरीएको कर्मचारी सुविधा अन्तर्गतको ऋण सापटी वापत दिएको कर्जाको व्याजमा औषत व्याजदर भन्दा कम व्याज भएकोमा व्याजमा भएको फरक रकम आय तर्फ समावेस गर्न नमिल्ने युनियनको तर्फबाट श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएकोमा एकल ईजलासबाट **"तत्काल कर्जा सापटीको फरक व्याजदर तथा औषधी उपचार खर्चलाई कर्मचारीहरुको पारिश्रमिकमा समावेश गरी यसलाई आय मान्दा कर्मचारीहरुलाई क्षति पुग्न जाने देखिई प्रस्तुत मुद्दाको अन्तिम आदेश नहुँदासम्म फरक व्याजदर एवं औषधी उपचारखर्चलाई कर्मचारीहरुको आयमा समावेश गरि कर कट्टी गर्ने लगायतका कामकारवाही कार्यान्वयन नगर्नु नगराउनु"** भनि मिति २०८० फागुन १ गते अन्तरिम आदेश जारि भएको ।

४. नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको कर्मचारी सेवा विनियमावली २०८१ सम्वन्धमा श्रम ऐनमा उल्लिखित न्यूनतम मापदण्ड र सामुहिक सम्झौता विपरीत नहुने गरी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको साथै प्रतिष्ठानले विनियमावली बनाउँदा वा संशोधन गर्दा प्रतिष्ठानमा आधिकारिक ट्रेड युनियन भए त्यस्तो ट्रेड युनियनसँग र त्यस्तो ट्रेड युनियन नभए क्रियाशील ट्रेड युनियनसँग परामर्श गर्नु पर्नेछ । भन्ने व्यवस्था समेत रहेको हुदा त्यस सम्वन्धमा नेपाल राष्ट्र बैंकलाई जानकारी गराउदा समेत नेपाल राष्ट्र बैंकले बेवास्ता गरी कानूनमा भएको व्यवस्थालाई ठाडो उल्लंघन हुने गरी नेपाल राष्ट्र बैंकवाट स्वीकृत भई आएको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको कर्मचारी सेवा विनियमावली २०८१ उपर

मुद्दा दायर गरीएको । त्यसैगरी मर्जर पश्चात गभिएका संस्थाका कमचारीहरुलाई विभेद गरी भिन्न वोनस वितरण गरीएकोमा कानून विपरित भएको हुदा सो सम्वन्धमा पनि मुद्दा दायर गरीएको ।

५. मिति २०८० फागुन २८ गते काठमाण्डौमा प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको

६. मिति २०८१ जेष्ठ २७ गते पोखरामा प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

७. मिति २०८१ माघ १६ काठमाण्डौमा केन्दीय महाधिबेशन सम्पन्न गरी नया केन्द्रीय समिति र प्रदेश समिति चयन गरीएको ।

## FIEUN कर्मचारी सञ्चय कोष

**१. नयाँ आगन्तुक कर्मचारीलाई बधाई तथा स्वागत कार्यक्रम सम्पन्न :**



**२. शाखा कार्यालय भ्रमण तथा निरीक्षण :**

नेपाल वित्तीय संस्था कर्मचारी संघ,कर्मचारी सञ्चय कोषको केन्द्रीय पदाधिकारीहरुको टोलिले मिति २०८० असोज ०७ गते देखि असोज ११ गते सम्म कोषका शाखा कार्यालयहरु पोखरा,बुटवल,कोहलपूर,सुर्खेत र धनगढी को भ्रमण गरी संस्थागत तथा कर्मचारीका समस्याहरु बारे अन्तरक्रिया सम्पन्न गरेको छ ।







३. मिति २०८०/०६/०९ गते नेपाल सरकारका पूर्व अर्थराज्यमन्त्री,नेपाली काँग्रेसका केन्द्रीय सदस्य माननीय उदय शम्सेर ज.ब.रा.को प्रमुख आतिथ्यतामा नेपालीहरुको महान चाड बिजया-दशमी, भाईटिका, छठ तथा सम्पूर्ण चाडपर्वहरुको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।



४. कोषद्धारा प्रवद्धित वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लि. का नवनियुक्त प्रबन्ध निर्देशक कृष्ण प्रसाद आचार्यसंग अन्तरक्रिया सम्पन्न ।

**५. नेपाल वित्तीय संस्था कर्मचारी संघ,कर्मचारी सञ्चय कोषको १७ औ केन्द्रीय सभा सम्पन्न :**

नेपाल वित्तीय संस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषको १७ औ केन्द्रीय सभा चितवनको सौराहामा मिति २०८० फाल्गुण २८ र २९ गते सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथिका रुपमा रहनुभएका प्रतिनिधि सभा सदस्य तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य युवा नेता प्रदीप पौडेलले खुला सत्रको उद्घाटन गर्नुभएको थियो भने कार्यक्रमको विशेष अतिथिका रुपमा कोषका प्रशासक जितेन्द्र धिताल रहनुभएको थियो ।







६) नेपाल वित्तीय सस्था कर्मचारी संघ, कर्मचारी सञ्चय कोषको आयोजनामा मिति २०८१ पौष २० गते शनिबारका दिन रमणीय स्थल स्वीजरल्याण्ड पार्क पिकनिक स्थलमा बृहत बनभोज कार्यक्रम सम्पन्न भएको छ ।

## फियन बचत तथा ऋण सहकारी संस्था लिमिटेड :

संघद्वारा प्रवर्द्धित फियन बचत तथा ऋण सहकारी संस्था लि. ले आफ्नो नियमित गतिविधि सन्तोषजनक ढंगबाट अगाडि बढाई रहेको छ । करीब ९०० शेयर सदस्यहरुबाट करीब **८७ लाख शेयर पूँजी र ४ करोड ७५ लाख निक्षेप सहित करीब ५ करोड १५ लाख** कर्जा लगानी गर्न सक्षम भएको अवस्थामा यसलाई अझ व्यवसायिक ढंगबाट संचालन गर्नु अपरिहार्यता देखिएको छ । यसका लागि सम्पूर्ण आबद्ध प्रतिष्ठान एवं सदस्यहरुको सहभागिता र सहयोगको लागि संघ हार्दिक अनुरोध गर्दछु ।

यसै क्रममा फियन बचत तथा ऋण सहकारी संस्था लि. को **तेह्रौं वार्षिक साधारण सभा** मिति २०८० पुस २१ गते नेपाली काँग्रेसका सह-महामन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा अर्पण बैंक्वेट, नयाँ बानेश्वर, काठमाण्डौमा सम्पन्न भएको थियो । त्यस्तै, फियन बचत तथा ऋण सहकारी संस्था लि.को **चौधौं वार्षिक साधारण सभा** मिति २०८१ पुस १५ अर्थ समितिका सभापति माननीय सांसद श्री सन्तोष चालिसेज्यूको प्रमुख आतिथ्यतामा अर्पण बैंक्वेट., थापागाउँ, नयाँ बानेश्वरमा सम्पन्न भयो ।

## विविध गतिविधिहरु :

- मिति २०८१ भदौ ७ गते यस संघ र **Wide Angle Production** को संयुक्त आयोजनामा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा **गाईजात्रा कार्यक्रम-२०८१** भव्यताका साथ सम्पन्न भएको छ । सो कार्यक्रमबाट यस संघले करीब २० लाख रकम बचत गर्न सफल भएको समेत जानकारी गराउन चाहान्छु ।
- यस संघको **नवीकरण** प्रकृया प्रयोजनार्थ आवश्यक कागजातहरु **श्रम विभाग**मा पेश गरी २०८४/१०/१३ सम्मको लागि संघको दर्ता प्रमाण-पत्र नवीकरण गरिएको ।
